देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
देवानगञ्ज, सुनसरी
Dewanganj Sunsari
कोशी प्रदेश, नेपाल
Koshi province, Nepal
Email: dewanganjmun@gmail.com

प.सः २०८३/०८४

मितिः २०८३/०६/०८

सूचना ।।   सूचना ।।   सूचना ।।

रोजगारदाता र सीप/रोजगार खोजकर्ताहरुलाई सीप र रोजगारीको अवसर प्राप्त गर्ने सुनौलो अवसर सम्बन्धी जरुरी सूचना।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयको आयोजनामा राष्ट्रिय अभियानको रुपमा मिति २०८३ असोज १४ गते देखि असोज २० गतेसम्म कोशी प्रदेशको इटहरीमा आयोजना हुने सीप तथा रोजगार मेला,२०८३ मा यस देवानगञ्ज गाउँपालिका क्षेत्रभित्रका रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति तथा सीप/तालिम लिन इच्छुक व्यक्तिहरुलाई यस अवसरको उपयोग गर्न अनुरोध गर्दछौं।
मेलाको मुख्य उदेश्य रोजगारदाताको वास्तविक जनशक्ति आवश्यकता पहिचान गरी रोजगारी खोज्ने व्यक्तिको योग्यता, सीप तथा अनुभव अनुसार रोजगारीसँग जोड्ने, आवश्यक सीप परीक्षण तथा तालिम, करियर परामर्श र उद्यमशीलता सम्बन्धी सेवामा सहजीकरण गर्ने रहेको छ। उक्त मेलामा सहभागी हुन अनलाइन दर्ता प्रणाली (jobfair.shramsansar.gov.np) मा लगइन गरि दर्ता गर्न सकिने छ।
देवनगञ्ज गाउँपालिका क्षेत्रभित्रका रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति, सीप तथा तालिम लिन इच्छुक व्यक्ति तथा तालिम प्रदायक संस्थाहरुलाई समयमै अनलाइन दर्ता गरी उक्त सीप तथा रोजगार मेलाबाट उपलब्ध रोजगारी, सीप, तालिम, करियर परामर्श तथा उद्यमशीलता सम्बन्धी अवसरहरुको उपयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछौ।

बोधार्थः
श्री सूचना प्रविधि शाखाः Website मा अपलोड गरिदिनु हुन।
श्री वडा कार्यालय सबैः सूचना पाटीमा सूचना प्रवाह गरिदिनु हुन।

....
डिल्ली प्रसाद पोखरेल
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत